Contact No.:-9852821567

# छिन्नमस्ता गाउँपालिका
# Chhinnamasta Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive

छिन्नमस्ता, सप्तरी
Chhinnamasta, Saptari
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

Website:-www.chhinnamastamun.gov.np Email Address :-chhinnamasta.rmo.saptari@gmail.com

## करार सेवामा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति २०८२/०७/०९ गते

छिन्नमस्ता गाउँपालिकामा तपसिल बमोजिमको पदहरुको लागि करार सेवामा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ (पन्द्र) दिन भित्र आवश्यक कागजातहरु र राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बिज्ञापन नं. | पद | तह | मांग संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१-२०८२-०८३ | सहायक कम्प्युटर अपरेटर | चौथौ | ७ (सात) | ५००/- |
| २ | ०२-२०८२-०८३ | कार्यालय सहयोगी | श्रेणी बिहिन | ७ (सात) | ४००/- |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

- **सहायक कम्प्यूटर अपरेटर** : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि. / एस.ई.ई. उतिर्ण गरी मान्यता प्राप्त कम्प्यूटर इन्स्टिच्यूटबाट ६ महिनाको तालिम प्राप्त गरेको। ( दरखास्त दिने अन्तिम दिन सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।)
- **कार्यालय सहयोगी :** साधारण पढलेख गर्न जान्ने। ( दरखास्त दिने अन्तिम दिन सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।)

**दरखास्त दिने स्थान :** छिन्नमस्ता गाउँपालिकाको कार्यालय, सखडा, सप्तरी।

दरखास्त दिने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले १५ (पन्द्रह दिन कार्यालय समय भित्र सो दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोली पल्ट कार्यालय खुलेको दिन।)

**आवेदन साथ संलग्न गर्न पर्ने कागजातहरु :** आवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरुको प्रतिलिपी।

(क) कार्यालयबाट उपलब्ध आवेदन फाराम।
(ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।
(ग) समकक्षता आवश्यक पर्ने भए सोको प्रतिलिपी।
(घ) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी।
(ङ) विषयगत क्षेत्रका लागि आवश्यक पर्ने परिषद्मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी।
(च) हाल सालै खिचेको पासपोर्ट साईजको फोटो ३ प्रति।
(छ) परिक्षा दस्तुर वापत बैंक दाखिला गरेको बैंक भौचर।

परिक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता परिक्षा।
(पद अनुसार परिक्षाको किसिम फरक हुनेछ।)

तलब तथा सेवा सुविधा : प्रचलित कानून वा कार्यपालिकाले तोके बमोजिम तलब तथा सेवा सुविधा पाउने छ।

दरखास्त दस्तुर : छिन्नमस्ता गा.पा. को आन्तरिक राजश्व खाता नं. ३५९०४०१०००००००७ ग्लोवल आई एम ई बैंक छिन्नमस्ता शाखामा जम्मा गरी सोको बैंक भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ। साथै विस्तृत विवरण बेवसाईट https://chhinnamastamun.gov.np हेर्न सकिने छ।

**अन्य :**

(क) भविष्यमा सरकारी सेवा निमित्त अयोग्य ठहरिने गरि सेवाबाट बर्खास्त नभएको।
(ख) प्रचलित कानून बमोजिम अयोग्य नभएको।
(ग) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ।
(घ) आवेदन फाराम यस गाउँपालिकामा सूचनामा तोकिएको परिक्षा दस्तुर तिरी प्राप्त गर्न सकिने छ।
(ङ) माथि उल्लेखित पदहरुको सन्दर्भमा नेपाल सरकारबाट ऐन, नियम, कार्यविधी र निर्देशिकामा प्रचलित व्यवस्था भए बमोजिम हुनेछ।

२०८२/०७/०९

संयोजक
(पदपूर्ति समिति)
छिन्नमस्ता गाउँपालिका